## मिति २०८१/०४/३२ गतेको सचिव बैठकका निर्णय

१. आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बिषयहरु नियमित गर्ने । अन्तिम लेखापरीक्षणका लागि खटिने मलेपको टोलीलाई लेखापरीक्षण गर्न गराउन आवश्यक सहयोग गर्ने । मलेप डोरमा खटिएको टोलीबाटै बेरुजू सम्परीक्षण गर्न गराउन तदारुकता देखाउने ।

२. प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा संशोधन गर्नुपर्ने विषय भएमा विषयगत मन्त्रालयले तीन महले फाराम सहित संशोधन सुझाव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

३. विगत वर्षमा सम्पत्ति विवरण नबुझाएका कर्मचारीलाई नियमानुसार जरिवाना गरी राजस्व दाखिला गर्ने । प्रचलित कानुन बमोजिम राष्ट्रिय सतर्कता केन्द्रको प्रणालीमा प्रविष्टि गर्नुपर्ने कर्मचारीहरुको हकमा आ.व. २०८०/०८१ को सम्पत्ति विवरण उक्त केन्द्रको प्रणालीमा प्रविष्ट गरी सोको एकीकृत सूची सहित सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।